उपराष्ट्रपति

उपराष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# ईद-उल-अज्हा, २०८३ को शुभकामना

इस्लाम धर्मावलम्बीहरूले अत्यन्तै श्रद्धा, उल्लास र सामूहिक भावनासहित मनाउने महान पर्व 'ईद-उल-अज्हा' (बकर ईद), २०८३ को अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

त्याग, समर्पण र बलिदानको प्रतीकका रूपमा मनाइने यो पर्वले समाजमा सहानुभूति, सहयोग, भाइचारा र मेलमिलापलाई अझ सबल बनाउँदै सबैलाई एकआपसमा मिलेर बस्न प्रेरित गर्दछ । यस पर्वले विशेषतः विपन्न तथा सहयोगको आवश्यकता भएकाहरूलाई सहयोग गर्ने संस्कारलाई प्रोत्साहन गर्दै सामाजिक न्याय र समानताको भावनालाई सुदृढ बनाउनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

धार्मिक महत्वसँगै सामाजिक र सांस्कृतिक दृष्टिले पनि यो पर्वले सामूहिकता, सहकार्य र मानवताको उच्च मूल्यलाई उजागर गर्दछ । यसले हामीलाई सुख-दुःख साझा गर्न, अभावमा रहेकाहरूसँग हातेमालो गर्न र समाजमा सहिष्णुता तथा सद्भावलाई बढावा दिन सिकाउँछ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक मुलुक हो । विविधतामा एकता हाम्रो मौलिक पहिचान हो । यहाँ मनाइने पर्वहरूले समुदायबीच आपसी समझदारी, अपनत्वभाव र एकताको संस्कारलाई बलियो बनाउँदै राष्ट्रिय अखण्डता र सांस्कृतिक ऐक्यवद्धताको संरक्षणमा योगदान पुऱ्याउँछन् भन्ने विश्वास व्यक्त गर्दछु ।

**अन्त्यमा,** 'ईद-उल-अज्हा' पर्वले लोकतन्त्र, सामाजिक न्याय, राष्ट्रिय अखण्डता र राष्ट्रियतालाई अझ सबल बनाउँदै सभ्य, शान्त, समुन्नत र समृद्ध मुलुक तथा समाज निर्माणमा प्रेरणा प्रदान गर्ने विश्वासका साथ पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८३ जेठ १४ गते, बिहीबार
नेपाल संवत् ११४६ अनलाथ्व, द्वादशी

**रामसहाय प्रसाद यादव**
उपराष्ट्रपति